# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

रत्न कन्या आधारभूत विद्यालय, सिसिर्या, गौर रौतहटका प्रधानाध्यापक राकेश कुमार सिंहले विद्यालयको कम्प्युटर खरिद, पी.सी.एफ.अनुदान, एस.पी.आई अनुदान, छात्रवृत्ती, पाठ्यपुस्तक आदिको रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा रत्न कन्या आधारभूत विद्यालय, सिसिर्या, गौर रौतहटका प्रधानाध्यापक राकेश कुमार सिंहले विद्यालयको पाठ्यपुस्तक खरिद एवं वितरण गर्दा विद्यार्थी भन्दा बढी पुस्तक खरिद गरेको देखाएको, विद्यालयको शौचालय निर्माण तथा मर्मतसमेत गर्न झिकिएको पेश्की रकम खाइमास्ने नियतले आफैंसँग राखी हिनामिना गरेको, परीक्षा शुल्क, प्रमाणपत्र शुल्क लगायतका शुल्क शिक्षा ऐन, २०२८ को दफा १६ घ. को उपदफा(१) विपरीत लिई जम्मा रू.१,५६,१९३।१४(एक लाख छपन्न हजार एक सय त्रियानब्बे रूपैयाँ चौध पैसा) सरकारी रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिँदा सोही ऐनको दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन तथा हिनामिना हानिनोक्सानी गरेको बिगो रू.१,५६,१९३।१४(एक लाख छपन्न हजार एक सय त्रियानब्बे रूपैयाँ चौध पैसा)सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन साथै निज राकेश कुमार सिंहले विद्यार्थी हाजिरी रजिष्टरमा संख्या थपघट गरी पुनः पहिले देखिकै दैनिक हाजिरी संकेत गरी विद्यार्थी संख्या बढाई नाम हेरफेर, थपघट गरी सरकारी कागजात गैरकानुनी तरिकाले सच्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ११ बमोजिम सजाय गर्न समेत मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता